# बिर्तामोड राजपत्र

बिर्तामोड नगरपालिका, बिर्तामोड, झापाद्वारा प्रकाशित

**खण्ड : २** **सङ्ख्या : ७** **चैत १५ गते, २०७८**


**भाग १**

## सवत् २०७८ को ऐन नं. ७

# बिर्तामोड नगरपालिका कृषि र पशुपंक्षी तथा मत्स्य विकास ऐन, २०७८

**प्रमाणीकरण मिति : २०७८ चैत १५ गते**

**प्रस्तावना :**

नेपालको संविधान २०७२ बमोजिम खाद्य सम्प्रभुता हकको संरक्षण गर्दै राज्यले अंगीकार गरेको कृषिनीतिमा उल्लेखित किसानको हकहित संरक्षण र सम्बर्धन गर्दै कृषिउत्पादन र उत्पादकत्व बढाउन परम्परागत कृषि प्रणालीलाई आधुनिकिकरण र व्यवसायिकिकरण गर्दै प्रसोधन, भण्डारण र बजारीकरण गर्न कृषक, कृषि उद्यमी र कृषि समुह तथा सहकारीहरुलाई कृषि सेवा, सामग्री, प्रविधिका साथै कृषिउपजको उचित मूल्य र बजार पंहुचको व्यवस्था, तुलनात्मक लाभहरुको पहिचान तथा न्यायोचित वितरण र दिगो विकास गर्ने अवधारणा अनुरुप कृषि क्षेत्रको विकास,





व्यवस्थापन र सुशासन सञ्चालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनिय भएकोले नेपालको संविधान २०७२ को धारा २२६ बाट प्रत्याभुत हकअधिकार अनुसार स्थानीयतहको शासन सञ्चालनका लागि बनेको स्थानिय सरकार ऐन, २०७४ को परिच्छेद १५ को दफा ८७ बमोजिम बिर्तामोड नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम “बिर्तामोड नगरपालिकाको कृषि र पशुपंक्षी तथा मत्स्य विकास ऐन, २०७८ रहने छ ।

(२) यो ऐन नगर सभाबाट पारित भएपछि प्रारम्भ हुने छ ।

२) **परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा -

(क) “प्रमुख”भन्नाले नगर कार्यपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(ख) “उपप्रमुख”भन्नाले नगर कार्यपालिकाको उप-प्रमुख सम्झनु पर्छ ।

(ग) “कृषि”भन्नाले (कृषि, पशुपालन, कृषिवन र जडिबुटी) निजी तथा करार गरिएका जग्गामा गरिएका अन्नवाली, दलहन, तेलहन, फलफूल, तरकारी, मसला तथा नगदेबाली, पशुपंक्षी पालन, घाँस तथा डाले रुख एवं जडिबूटीको खेती र तिनको प्रारम्भिक भण्डारण, प्रशोधन र बजारीकरणलाई सम्झनु पर्छ ।

(घ) “खेतीयोग्य जमिन”भन्नाले अन्नवाली, दलहन, तेलहन, फलफूल, तरकारी, पशुपालन, डालेघाँस एवं जडिबूटीको खेती गरिएको निजी जमिन वा सरकारले खेति गर्न योग्य भूमि छुट्याएको वा नछुट्याएको खाली जमिन र नदी उकासको खेति योग्य जमिनलाई सम्झनु पर्छ ।

(ङ) “स्थानीय तह वा सरकार” भन्नाले बिर्तामोड नगरपालिका तथा वडाहरु र नगरमा निर्वाचित जनप्रतिनिधिहरु संझनु पर्छ ।

(च) “सभा”भन्नाले नगरसभा संझनु पर्छ ।

(छ) ‘किसान तथा व्यवसायीक किसान’ भन्नाले आफ्नो परिवारका सदस्यहरुकै श्रमबाट आफ्नो वा अरुको जमिनमा काम गरी परिवारको खाद्यआपूर्ति गर्ने परिवारको मूली वा उसको श्रीमान्, श्रीमती वा दुबैलाई सम्झनु पर्दछ । आम्दानीका लागि आफ्नो वा अर्काको जमीनमा परिवारका सदस्य बाहेक अरु श्रमिकको प्रयोग गर्ने र मूल रुपमा यन्त्रको प्रयोग गरी खेती गर्ने व्यक्तिलाई व्यावसायीक कृषक सम्झनुपर्छ ।

(ज) “कृषक समूह”भन्नाले स्थानीयतहमा दर्ता भै कृषि तथा पशुपंछी पालनमा काम गर्ने किसानहरुको समुहलाई संझनु पर्छ ।

(झ) “कृषि सहकारी”:- कृषि सहकारी भन्नाले सहकारी ऐन अन्तरगत कृषि तथा पशुपंक्षि व्यवसाय गर्ने मूल उद्धेश्य राखि दर्ता भएको सहकारी संस्थालाई सम्झनु पर्दछ ।

(ञ) “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ट) “पकेट क्षेत्र”भन्नाले कुनै कृषि (अन्नवाली, दलहन, तेलहन, फलफूल, तरकारी) तथा पंशुपछी (गाई, बाखा, बंगुर र माछा) पालन व्यवसायलाई सञ्चालन गर्न सम्भाव्यताको आधारमा निर्धारण गरिएको क्षेत्र संझनु पर्छ ।

(ठ) “भू-उपयोग”भन्नाले सरकारले विभिन्न प्रयोजनका लागि वर्गिकरण गरी तोकेको जमिनको उपयोगलाई सम्झनु पर्छ ।





## परिच्छेद - २
## भूमि, सहकारी, कृषि तथा पशुपंक्षी सम्बन्धी निर्देशक सिद्धान्त

३) **मार्ग निर्देशनका रुपमा रहने :**

(१) यस परिच्छेदको दफाहरुमा उल्लेखित निर्देशक सिद्धान्त मार्ग निर्देशनका रुपमा रहेछन् ।

(२) बिर्तामोड नगर कार्यपालिकाले यस परिच्छेदको दफाहरुमा उल्लेखित सिद्धान्तको कार्यान्वयन गर्न आवश्यकता अनुसार श्रोत साधन परिचालन गर्ने गराउनेछ ।

४) **निर्देशक सिद्धान्तहरु :**

(१) कृषि तथा पशुपंक्षी क्षेत्रको समग्र विकासका कार्यहरुमार्फत् खाद्यान्न (अन्न, दाल, तरकारी, तेल, मासु, दुध र अण्डा) मा आत्मनिर्भर बनाउने र तुलनात्मक लाभका कृषि उपज प्रवर्धन गर्न खाद्य संप्रभुताका आधारभुत मान्यता र मापदण्ड अनुसारको कृषि प्रणाली अपनाउने उद्देश्य हुनेछ ।

(२) बिर्तामोड नगरपालिकाको संस्कृति र परम्पराको संरक्षण तथा जैविक बिविधताको जगेर्ना गर्ने कृषि पद्दतिको विकास, जीविकोपार्जन, आयआर्जन तथा रोजगारीका आधुनिक सीपहरुको पहिचान, कृषक समुह तथा सहकारीको विकास र परिचालन, स्थानीय स्रोत साधनको अधिकतम उपयोग, स्थानीय कृषक समूह (बिपन्न महिला/पुरुष/आदिवासी/जनजाति र दलित) को उत्थानका लागि कृषि तथा पशुपंक्षी विकास कार्यक्रम सञ्चालन गर्ने उद्देश्य हुनेछ ।

(३) कृषि तथा पशुपंक्षी व्यवसायको बिकास गर्दा स्वस्थ्य नागरिकको जीवनमा हानी पुऱ्याउने रसायनिक तथा घातक विषादीको प्रयोगलाई निरुत्साहन गर्ने, संकटापन्न महामारी रोग, किराको प्रकोपको रोकथाम, उपचार तथा नियन्त्रण गर्ने, कृषि जनचेतनामा बृद्धि, मल जल विऊविजनको सरल बिक्रीवितरण तथा उपलब्धता र प्राङ्गारिक मलखादको प्रयोगमा बढावा गरि सुरक्षित उत्पादन

बृद्धि गर्ने उद्देश्य हुनेछ ।

(४) कृषिमा आधुनिक प्रविधिको प्रयोग, जैविक विविधता र वातावरणको संरक्षण एवं संवर्धन, आधुनिक कृषिऔजारको अधिकतम उपयोग र सरल बिक्रीवितरण तथा मर्मतसंभार र शिप हस्तान्तरण गर्ने उद्देश्य हुनेछ ।

(५) पशुपंक्षी पालन कार्यक्रम मुख्य गरि नश्ल सुधार, घाँस तथा चरिचरन ब्यबस्थापन, रोजगार र आयआर्जन उन्मूख हुनेछ ।

(६) बिर्तामोड नगरपालिकाबाट बजेट कार्यक्रम तर्जुमा गर्दा नै अनुदान, विमा, बजार विस्तार तथा व्यवस्थापन, बाली संरक्षण र संघ संस्थाको स्थापना गर्ने उद्देश्य हुनेछ ।

(७) रसायन, विषादी र प्लाष्टिकमा आधारीत उद्योगबाट खाद्य तथा कृषि प्रणालिमा पुऱ्याउने असरबाट मुक्त पार्ने प्रविधि र नियमन व्यवस्था निर्माण गर्ने उद्देश्य हुनेछ ।

(८) नेपाल सरकारको भू-उपयोग नीति र कानूनका आधारमा कृषियोग्य भूमिको संरक्षण र दीगो उपयोग गर्ने उद्देश्य हुनेछ ।





## परिच्छेद ३
## किसानको वर्गीकरण, सामुहिक तथा व्यवसायिक खेती विकास तथा व्यवस्थापन

**५.(१) किसानको वर्गिकरण :**

जमिनको उपयोग र व्यवसायको क्षमताको आधारमा किसानको वर्गिकरण ४ तहमा गरिनेछ । जसअनुसार किसानलाई (भूमिहिन, सिमान्त, कृषिमजदुर), साना किसान, मझौला किसान र व्यावसायिक किसानमा वर्गिकरण गरिने छ ।

(२) उपदफा (१) वमोजिम किसानलाई वर्गिकरण गर्दा भूमिहिन कृषिमजदुर भन्नाले भूमिको स्वामित्व नभएका वा ०.१ हेक्टर भन्दा कम जमिन भएको वा खेती गर्ने तथा वार्षिक रुपले अधिकतम रु. १ लाखसम्म कृषिबाट आम्दानि हुने र कृषि क्षेत्रमा मजदुरको रुपमा काम गरि जिविकोपार्जन गर्ने किसानलाई बुझिनेछ ।

(३) उपदफा (१) बमोजिम साना किसान भन्नाले चार जनाको एकपरिवारलाई जीविकोपार्जन गर्नपुग्ने कृषि व्यवसाय वा ०.५ हेक्टर सम्म कृषिभूमि रहेका वा खेती गर्ने तथा कृषिबाट रु. १ लाख देखि रु. ५ लाख सम्म वार्षिक आय हुने किसानलाई बुझिनेछ ।

(४) उपदफा (१) बमोजिम मझौला किसान भन्नाले चार जनाभन्दा वढिको परिवारलाई जीविकोपार्जन गरी थप आम्दानी गर्ने तोकिएको मापदण्ड बमोजिमको कृषि व्यवसाय वा १ हेक्टर देखि २ हेक्टर सम्म कृषिभूमि रहेको वा खेती गर्ने तथा कृषिबाट वार्षिक रुपमा रु. ५ लाख देखि रु. १५ लाख सम्म आय गर्ने किसानलाई बुझिनेछ ।

(५) उपदफा (१) वमोजिम व्यावसायिक ठुला किसान भन्नाले तोकिएको मापदण्ड बमोजिमको कृषि व्यवसायको क्षमता वा २ हेक्टर जमिन भन्दा माथि कानून बमोजिम कृषिभूमि राख्न पाउने वा खेती गर्ने वा वार्षिक रु. १५ लाख भन्दा माथि आय गर्ने किसानलाई बुझिने छ ।

(६) माथि उपदफा(२), (३), (४), (५) मा उल्लेख भए वमोजिमका वर्गीकृत किसानहरुलाई सिप र प्रविधि सहित प्राथमिकिकरण गरि अनुदान वितरण गरिने छ ।

## परिच्छेद - ४
# कृषि तथा पशुपंक्षी पालन सम्बन्धी प्राविधिक ज्ञान, सीप सूचना प्राप्ति र सिकाई केन्द्र

**६. सूचना तथा प्रचार प्रसार :**

(१) बिर्तामोड नगरपालिकाले कृषकहरुलाई कृषि तथा पशुपंक्षी सम्बन्धी तालिम, प्रविधि, प्राविधिक टेवा, कृषकहरुको क्षमता तथा सीप विकास र सशक्तिकरण सम्बन्धी सूचना उपलब्ध गराउने छ ।

(२) उपदपफा (१) अनुसारको सूचना तथा प्रचार प्रसारका लागि कृषिबाली, तरकारी, फलफूल, नगदेवाली, पशुपंछी पालन, माछा पालन सम्बन्धी व्यवहार योग्य पाठ्य सामग्रीहरु तयार गर्ने, रेडियो तथा टेलिभिजन कार्यक्रम मार्फत प्रचार प्रसार र छलफल चलाउने, कृषिउद्यमी ,कृषक समूह तथा सहकारी संलग्न गराई “कृषि सिकाई कार्यक्रम” प्रत्येक क्षेत्रमा सञ्चालन गरिने छ ।

(३) आवश्यक सूचना कृषकहरुले मागेका बखत बिर्तामोड नगरपालिकाका विषयगत शाखाहरुले उपलब्ध गराउनु पर्नेछ ।

**७. कृषि प्राविधिक जनशक्तिबाट निःशुल्क सेवाको उपलब्धता :**

(१) कृषक समुह तथा सहकारीहरुलाई कृषि वाली तथा पशुपंछी विकास कार्यक्रम सञ्चालन भएका पकेट क्षेत्रहरुमा नियमित रुपमा स्थलगत प्राविधिक सेवा उपलब्ध गराइने छ साथै विशेष किसिमको सेवाउपलब्ध गराउनु परेमा वा ठुला व्यवसायिक कृषक/उद्यमीको हकमा नियमानुसार शुल्क लाग्नेछ ।

(२) उपदफा (१) बमोजिम कृषक समूह तथा सहकारीहरुबाट सेवामाग गरिएमा सेवा उपलब्ध गराउनु पर्नेछ ।

(३) सामुदायिक कृषि तथा पशुपंक्षी सेवा संरक्षणका लागि प्रचार प्रसार गर्न र प्राविधिक ज्ञान सीप उपलब्ध गराउन तथा कृषकहरुलाई परामर्श सेवा उपलब्ध गराउन आवश्यक संख्यामा सेवा केन्द्रहरु स्थापना गरिनेछ । आवश्यकता अनुसार कृषि तथा पशुपंक्षी सेवाकेन्द्रहरु स्थापना गरिने छ । उक्त सेवाकेन्द्रको





व्यवस्थापन नियमावलीमां तोकिए अनुसार हुने छ ।

(५) बिर्तामोड नगरपालिकाभित्र कृषि र पशुपंक्षीको प्रवर्द्धन र विकासको लागि सुचना र प्रविधिको अधिकतम प्रयोग गरिनेछ । साथै कृषि तथा पशुपंक्षी विकासका कार्यक्रमहरुलाई प्रभावकारी ढंगबाट संचालन गर्न आवश्यक नियम, निर्देशिका, मापदण्ड तथा कार्यविधिहरु बनाइ कार्यान्वयन गरिने छ ।

## परिच्छेद - ५
# बिउविजन, मलखाद तथा कीटनाशक विषादी र वाली तथा पशुपंक्षी प्रवर्धन

**८. बिउविजन, मलखाद तथा जैविक विषादीको सहज उपलब्धता :**

(१) बिर्तामोड नगरपालिकाले कृषकहरुलाई मौसम अनुसार सिफारिस गरिएका विउविजन, महामारी वा प्राकृतिक पकोप्रजन्य रोग तथा किराहरुको नियन्त्रण र रोकथाम गर्नका लागि सिफारिस गरिएका सुरक्षित रसायनिक तथा जैविक विषादी तथा जैविक सुरक्षा विधिको सरल र सहज ढंगबाट समयमा नै व्यवस्था गर्नु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम रोगव्याधिको महामारी संक्रमण फैलिएका स्थलमा तत्काल दक्ष प्राविधिक खटाई रोग तथा माहामारी संक्रमण नियन्त्रण गर्न सहयोग पुऱ्याउनेछ ।

(३) बिउबिजन तथा जैविक बानस्पतिक विषादी र मलखादको सरल उपलब्धताको लागि उचित बजार व्यवस्था गरिनेछ ।

(४) बिउविजन तथा जैविक विषादी र प्राङगारिक मलखाद बिक्री वितरणका लागी "कृषि तथा अन्य सहकारीहरु र स्थानिय एग्रोभेटहरु" लाई प्राथमिकता दिईनेछ ।

(५) हानिकारक रसायनिक र अनावश्यक ढुसी/किटनाशक विषादीहरुको प्रयोगमा न्यूनिकरण गरी जैविक विविधता र कृषिवातावरण संरक्षण गर्न कृषक समुहहरुको सहभागीता रहेको तोकिएको समिति गठन गर्नुपर्नेछ । सो समितिले अनुगमन तथा मूल्यांकन गरी अत्याधिक तथा अनावश्यक मात्रामा रसायनिक विषादिहरु विकि गर्ने विषादि विक्रेताहरु र प्रयोगकर्ता कृषकहरुलाई सचेत गराउनुका साथै तोकिए बमोजिम सजाय गर्ने सिफारिस गर्न सक्नेछ ।

(६) पशुपंछी व्यवस्थापनमा मापदण्ड अनुसारको नश्ल सुधार, आहारा, गोठ/खोर निर्माण, जैविक विविधता संरक्षण, वजार व्यवस्थापन, उपचार तथा महामारी रोग नियन्त्रण र जैविक सुरक्षा तोकिए





बमोजिम गरीने छ ।

(७) कृषि बालीहरुमा देखा पर्ने महामारीजन्य रोग (व्लाष्ट, रष्ट, व्लाइट आदि) तथा किराको प्रकोपहरु (फौजी किरी, सलह आदि) को नियन्त्रण गर्न विज्ञहरुद्धारा सिफारिस गरिएका रसायनिक विषादिहरुको सुरक्षित प्रयोग गरी प्रकोप नियन्त्रण गरिने छ ।

**९. कृषक समूहको गठन :**

(१) सहभागीतामूलक कृषि तथा पशुपंक्षी विकास कार्यक्रमको व्यवसायीकता अभिबृद्धि गर्न सहजीकरणका लागी क्षेत्रगत तथा विषयगत कृषक समूहहरुको गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने कृषक समूहमा रहने पदाधिकारी तथा कृषकहरुको संख्या तोकिएको नियम बमोजिम हुनेछ ।

(३) विषयगत कृषक समुहहरुको वडा स्तरिय अन्तर समुह र पालिका स्तरिय मुल समुह गठन गरि समुहहरुको संजाल विकास गरिने छ ।

**१०. तथ्याङ्ग अभिलेख राख्नु पर्ने :**

(१) बिर्तामोड नगरपालिकामा रहेका कृषि तथा पशुपंक्षी सम्बन्धि निकायहरुको सहयोगमा सम्बन्धित क्षेत्रभित्रको कृषि जमिन, कृषि वालीहरु, रैथाने लोपोन्मुख पशुपंक्षी तथा वालीहरु, कृषि उपजहरुको उत्पादन तथा खपत, मलखादको आवश्यक परिमाण, रोग तथा किराको प्रकोप र पशुपंक्षी पालन सम्बन्धि आवश्यक तथ्याङ्कको अभिलेख तयार गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सङ्कलित तथ्याङ्कलाई समय समयमा सार्वजनिक तथा अध्यावधिक गर्ने र सरोकारवाला निकायलाई जानकारी गरिने छ । यसरी तयार गरिएको तथ्याङ्कलाई अध्ययन विश्लेषण गरी भावि कृषि रणनीति तथा योजना निर्माण एवं कार्यान्वयनमा प्रयोग गरिनेछ ।

**११. अनुगमन मूल्याक्तन सम्बन्धि व्यवस्था :**

(१) बिर्तामोड नगरपालिकामा संचालित कृषि वाली तथा पशुपंक्षी विकास कार्यक्रमबाट तोकिएको प्रतिफल प्राप्तीका लागी र

तत्काल क्षेत्रगत रुपमा आईपरेका समस्या समाधानका लागी तोकिएको वा तोकिए बमोजिमको र निजिउद्यमी/कृषक समूह/सहकारीहरुको प्रतिनिधित्व हुने गरी अनुगमन मूल्याङ्कन समिति गठन गरिने छ।

(२) उपदफा (१) अनुसार गठन गरिएको अनुगमन मूल्याङ्कन समितिले गरेको सिफारिसलाई बिर्तामोड नगरपालिकाबाट कार्यान्वयन गरिने छ।

(३) उपदफा (१) बमोजिम गठित अनुगमन मूल्याङ्कन समितिले तोकिएको मापदण्ड अनुसार काम गर्नु पर्नेछ।





## परिच्छेद - ६
## अनुदान, विमा तथा कोष सम्वन्धि व्यवस्था

**१२. अनुदान सम्बन्धि व्यवस्था :**

(१) कृषि क्षेत्रमा जीविकोपार्जन गरी जीवनयापन गर्ने किसान वा कृषक समूहहरुलाई उत्पादनमा आत्मनिर्भर बनाउनका लागि बिर्तामोड नगरपालिकाले समय समयमा तोकिएको नीतिनिर्देशन र नर्म्सका परिधीभित्र रहि कृषि तथा पशुपंक्षी व्यवसाय, प्राङ्गारिक मलखाद, जैविक विषादी, सिंचाई, उन्नत विउविजन, आधुनिक कृषि प्रविधिहरु, आधुनिक कृषियन्त्र उपकरण र सेवाको क्षेत्रमा अनुदान उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिम बिर्तामोड नगरपालिकाबाट उपलब्ध हुने अनुदानको अतिरित्त नेपाल सरकार, प्रदेश सरकार एवं अन्य विकास साझेदारहरुको श्रोतबाट समेत नियमानुसार थप अनुदान उपलव्ध गराउन सकिने छ।

(३) बिर्तामोड नगरपालिकाबाट उपलब्ध हुने अनुदानको अतिरिक्त उपदफा २ बमोजिम दिइने अनुदानमा नगरपालिकाले नेपाल सरकार, प्रदेश सरकार एवं विकास साझेदारहरुबाट नियमानुसार श्रोत प्राप्त गर्न सक्नेछ।

(४) माथि उल्लेखित उप(दफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय तहबाट गरिबीको रेखामुनि रहेका महिला ,दलित, जनजाति तथा भूमिहिन कृषकहरुलाई निर्देशिका बनाई विशेष अनुदान उपलब्ध गराउन सक्नेछ।

**१३. बिमा सम्बन्धि व्यवस्था:**

(१) कृषि बाली, पशुपंक्षी पालन तथा माछापालन लगायत कृषि व्यवसाय गर्ने कृषकहरुलाई तोकिएको वा तोकिए बमोजिम विमा सुविधा उपलब्ध गराईने छ।

(२) उपदफा (१) बमोजिम विमा सम्बन्धि विस्तृत कार्यविधी र निर्देशिका स्थानीय तहबाट तयार गरी कार्यान्वयन गरिने छ।

(३) नेपाल सरकारको कृषिविमा निति अनुसार कृषि बाली तथा

पशुपंक्षीको विमा गर्न कृषकहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम संचालन गरिने छ ।

**१४. कृषि ऋण :**

(१) व्यवसायीक कृषकहरुलाई पूँजीको व्यवस्थापन गर्न बैंक तथा बित्तिय संस्थाहरुसंग सहकार्य गरी सहुलियत व्याजदरमा कृषि ऋण उपलव्ध गराईने छ । सोका लागि बैक तथा वित्तिय संस्था समक्ष नगरपालिका जमानत वस्न सक्नेछ ।

(२) कृषि व्यवसायीलाई उपदफा (१) बमोजिमको कृषि ऋणमा निर्देशिका बनाई व्याज अनुदान उपलव्ध गराउन सकिने छ ।





## परिच्छेद - ७
## भण्डारण, प्रशोधन, प्रदर्शनी स्थल तथा वजार व्यवस्थापन

**१५. आन्तरिक तथा बाह्य बजारको व्यवस्थाः**

(१) स्थानीय स्तरमा उत्पादन गरिएका कृषि उपजहरु र पशुपंछी तथा पशुपंछीजन्य उत्पादनहरुको आन्तरिक व्यापारका लागि कोशेली घर, हाट वजार, संकलन केन्द्र वा सहकारी सुपथ मुल्यका पसलहरु सञ्चालनमा ल्याई आम उपभोक्ताहरुलाई उचित मूल्यमा गुणस्तरयूक्त वस्तु तथा सेवा बिक्री वितरण गरिने छ ।

(२) उपदफा (१) वमोजिम गरिने बजारीकरणमा कृषकहरुद्धारा उत्पादित वस्तु तथा सेवाको सहजवजार पहुंचको व्यवस्था गरिनेछ ।

(३) उपदफा (१) बमोजिम स्थानिय बजारीकरण पश्चात जगेडा रहनगएका कृषि तथा पशुजन्य उत्पादनहरुको भण्डारणको व्यवस्था गरिने छ । बिग्रने वा सडीगली जाने तरकारी, फलफूल, माछा र मासुको लागि शितभण्डारको निर्माण तथा व्यवस्थापन गरिने छ ।

(४) बिर्तामोड नगरपालिकामा उपभोग भै बचत रहनगएका वस्तुहरु अन्य गाँउ/नगर पालिका, प्रदेश र क्षेत्रमा तोकिए बमोजिम निकासी गर्न पाउने व्यवस्था गरिने छ ।

(५) स्वदेशमा मात्र खपत हुन नसक्ने वस्तुहरुको अन्तर्राष्ट्रिय बजारमा निकासी गर्न सक्ने गरी तोकिएका वा तोकिए बमोजिमको व्यवस्था गरिने छ ।

(६) उपदफा (१) बमोजिम बिक्रीवितरण गरिने पशुपंक्षीको मासुजन्य उत्पादनको शुद्धताको लागि आधुनिक वधस्थल वा वधशालाको निर्माण, सुदृढिकरण र विस्तारमा जोड दिइनेछ ।

(७) कृषि र पशुपक्षी व्यवसायका लागि उत्पादनमा आधारीत उद्योगहरु संचालन गर्न जोड दिइने छ ।

**१६. कृषि तथा पशुपक्षी प्रदर्शनी र व्यापार मेला सञ्चालन :**

(१) बिर्तामोड नगरपालिकामा उत्पादित कृषिउपज तथा पशुपंक्षीजन्य

उत्पादनको संरक्षण, प्रर्वधन र बजार विस्तारको लागि सुहाउँदो स्थानमा कृषि तथा व्यापार मेला सञ्चालन गरिने छ ।

(२) उपदफा (१) बमोजिम कृषि प्रदर्शनी तथा व्यापार मेला सञ्चालन तथा व्यवस्थापनका लागि तोकिएको वा तोकिए वमोजिम कर लगाउन सकिने छ ।

१७. **खाद्य तथा माछा मासु प्रशोधन केन्द्र :**

(१) आन्तरिक रुपमा र बाह्य बजार विस्तारका लागि खाद्य वस्तुहरुलाई प्रशोधन गरी लामो समय सम्म गुणस्तर कायम राख्न सक्ने गरी प्रशोधन तथा भण्डारण केन्द्र स्थापना गरिने छ ।

(२) स्थानीय तहमा उत्पादित कृषि तथा पशुजन्य उत्पादनहरुको संरक्षणका लागि आयातलाई निरुत्साहित गरिनेछ ।

(३) आन्तरिक खपतबाट जगेडा भएका कृषि तथा पशुपंक्षीजन्य उत्पादन अन्य प्रदेश वा अन्तराष्ट्रिय बजारमा बिक्रीवितरण गर्नको लागि अन्तर्राष्ट्रिय मापदण्ड अनुसार प्रशोधन, भण्डारण र प्याकेजिङ केन्द्रहरु सञ्चालनमा ल्याइने छ ।

(४) अन्तराष्ट्रिय व्यापार अभिबृद्धिका लागि निश्चित मापडण्ड तयार गरि नाकाहरुमा कृषि तथा पशुपंक्षी क्वारेन्टाइन पछि मात्र कृषि तथा पशुजन्य उत्पादनहरुको निकाशी पैठारी गर्ने व्यवस्था गरिनेछ ।

(५) बिर्तामोड नगरपालिकाले खाद्य सङ्कटकाल र प्राकृतिक प्रकोपको अवस्थामा प्रयोग गर्ने गरि खाद्यान्न भण्डारणमा सञ्चय वा जगेडा गर्न प्रोत्साहन गर्ने छ ।

(६) उपभोक्ताहरुलाई स्वस्थ्य मासु उपलब्ध गराउन मासु पसल सुधार कार्यक्रम तथा मिट मार्ट स्थापना जस्ता कार्यक्रमहरु संचालन गरिने छ ।





## परिच्छेद - ८
## कृषियोग्य जमिन व्यवस्थापन

१८. **जग्गा भाडामा लिनदिन सक्ने :**

(१) भूमिहिन वा कम जमिन भएका व्यक्ति वा कृषक समुह र सहकारीलाई उत्पादनमा बृद्धि गर्न सहयोग पु(याउनका लागि कृषिजग्गा भाडामा लिने दिने व्यवस्थालाई प्राथमिकता दिई आधुनिक खेति प्रणाली विकाशका लागि बिर्तामोड नगरपालिकाले भाडामा लिने दिने पक्षविच समन्वयात्मक भूमिका खेल्न सक्नेछ ।

(२) खाली ऐलानी जमिनको कृषि प्रयोजनका लागि उपयोग गर्ने सम्बन्धमा भु(उपयोग नीति बनाई कार्यान्वयन गरिनेछ ।

(३) बिर्तामोड नगरपालिकाभित्र रहेका खेति योग्य प्रयोगमा आएका निजि/ऐलानि/गुठिका जमिनहरु, बाझो, पर्ति तथा अन्य सार्वजानिक खालि जग्गाहरुलाई चक्लाबन्दि खेति संचालन कार्यविधि निर्माण गरि प्रयोगमा ल्याइने छ ।

## परिच्छेद - ९
## विविध

**१९. बिर्तामोड नगरपालिकामा रहेका पोखरी, नदिनाला तथा स–साना कूलो संरक्षणः**

स्थानीय तहमा प्राकृतिक रुपमा रहेका पोखरी, नदिनाला, परम्परागत कूलो तथा बाँध पैनीको मर्मत संभार र जिर्णोद्धार गरि सिंचाई र खानेपानीका लागि सञ्चालनमा ल्याईनेछ। यस्ता सिचाई प्रवर्धनमा विद्युतीय तथा सौर्य उर्जाको उपयोगमा जोड दिईने छ।

**२०. जलवायु अनुकुलन, जैविक विविधता र वातावरणको संरक्षण :**

(१) जलवायु अनुकुलनका लागि उपयुक्त प्रविधिको विकाश र प्रयोगमा जोड दिईने छ साथै प्राकृतिक रुपमा पहिचान भएका वाली, वोटविरुवाहरु, वनस्पति तथा विऊविजनको अनुवंशहरु र जीवहरुको संरक्षण, सम्वर्धन, प्रवर्द्धन र जलवायु अनुकुलन गर्ने दायित्व र कर्तव्य स्थानीय तहका हुनेछ।

(२) उपदफा (१) वमोजिम संरक्षण, सम्वर्धन तथा प्रवर्द्धन गर्दा र जमिनको प्रयोग गर्दा वातावरणमा कुनै किसिमको फेरवदल हुने वा असर पार्ने कार्य नगरी वातावरणलाई दीगो रुपमा संरक्षण गर्नु पर्नेछ।

**२१. अन्तर निकाय समन्वय र नियमन तथा निजी क्षेत्रसँग सहकार्य :**

(१) स्थानीय तहमा रहेका अन्तर सरकारी निकाय र गैरसरकारी निकाय वीच कार्यक्रम, योजना तथा विकास निर्माण कार्य सञ्चालन दोहोरो नपर्ने गरि समन्वय सहित योजना तर्जुमा गरि कार्यान्वयन गरिनेछ। यस कार्यलाई व्यबस्थित गर्न कार्यक्रम सहयोग ईकाई गठन गरी सोको कार्यबिधि बनाई कार्यान्वयन गरिनेछ।

(२) उपदफा (१) वमोजिम योजना कार्यान्वयन गर्दा अन्तर स्थानिय तह वा प्रदेश तथा अन्य प्रदेश एवं स्थानिय तहसँग समन्वय गर्नु आवश्यक भएमा बिर्तामोड नगरपालीकाले प्रदेश मार्फत वा सिधै पनि सम्पर्क वा समन्वय गर्न सक्नेछ।





**२२. कृषि पर्यटन :**

पर्यटन प्रवर्द्धन हुने गरी व्यवसायिक कृषि सञ्चालन गर्न नगरपालिकाले प्रोत्साहन गर्ने छ। कृषि तथा पशुको स्रोत केन्द्र विकास गर्दा पर्यटन प्रवर्द्धन हुने गरी सञ्चालन गर्नु पर्नेछ। कृषि पर्यटन प्रवर्द्धन गर्न नमुना कृषि पर्यटन स्थल घोषणा गरिने छ।

**२३. कृषक परिचयपत्र :-**

कृषक बर्गिकरण र परिचयपत्रसँग सम्बन्धित राष्ट्रिय निर्देशिका बमोजिम स्थानिय निर्देशिका तयार गरि कृषकको बर्गिकरण र सो को आधारमा परिचयपत्र प्रदान गरिने छ।

**२४. आन्तरिक तथा वाहृय सहयोग लिन सक्नेः**

संघिय सरकारको अनुमति लिई स्थानीय तहले आफ्नो क्षेत्रको विकाशको लागि स्वदेशी वा विदेशी संघ संस्थासंग आर्थिक तथा प्राविधिक सहयोग लिन सक्नेछ। तर बिर्तामोड नगरपालिकाले यसरी प्राप्त रकम र सहायता सम्झौता भएको क्षेत्रमा नै प्रयोग गर्नु पर्ने छ।

**२५. पशुपंक्षी अस्पताल संचालन :**

बिर्तामोड नगरपालिकाभित्र नगरस्तरिय पशुपंक्षी अस्पताल संचालन गरिनेछ।

**२६. अध्ययन तथा अनुसन्धान :**

बिर्तामोड नगरपालिका भित्र कृषि तथा पशुपंक्षी सम्बन्धि आवश्यक अध्ययन तथा अनुसन्धान गर्न विभिन्न विषय विज्ञहरुलाई अध्ययन अनुसन्धानका लागि सहयोग गरिनेछ र यस क्षेत्रमा काम गर्ने अनुसन्धानकर्ता, विद्यार्थी, कृषकहरुलाई प्रोत्साहन स्वरुप पुरस्कार तथा छात्रवृत्ति प्रदान गरिने छ।

**२७. नियम/कार्यविधि/मापदण्ड/मार्गदर्शन बनाउने अधिकारः**

यस ऐनको कार्यान्वयनको लागि बिर्तामोड नगरपालिकाले आवश्यकता अनुसार विषयगत निति, नियम कार्यविधि/मापदण्ड/मार्गदर्शन बनाई कार्यन्वयन गर्न सक्नेछ।

२८. **संघ तथा प्रदेश सरकारको ऐनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने :**

बिर्तामोड नगरपालिकाबाट तर्जुमा गरिएको यो ऐन संघ र प्रदेशको ऐन सँग बाझिनगएमा बाँझिएको हद सम्म यो ऐनका सम्बन्धित दफाहरु निस्कृय रहने छन् ।

२९. **व्याख्या गर्ने अधिकार :**

यो ऐनको व्याख्या गर्ने अधिकार बिर्तामोड नगरकार्यपालिकामा निहित रहने छ ।

३०. **बचाउ तथा खारेजी :**

बिर्तामोड नगरपालिकाले कृषि तथा पशुपंक्षी सम्बन्धि यस अघि गरेका सम्पुर्ण निर्णयहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ र यस अघि पारित भएका कार्यविधिहरु यसै ऐन बमोजिम खारेज हुनेछ ।

**आज्ञाले,**
**बिनोदकुमार न्यौपाने**
**प्रमुख प्रशासकीय अधिकृत**